# सडक बोर्ड नेपाल

(सडक बोर्ड ऐन, २०५८ अन्तर्गत स्थापित)
मिनभवन, काठमाडौं

प.सं. ०७५/०७६
च.नं. ६६६

मिति :- २०७५/९/५

श्री मध्यनेपाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
लमजुङ ।

**बिषय :-आ.व. २०७५/०७६ को स्वीकृत कार्यक्रमको सहमति सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा तहाँको प.सं. २०७५/०७६ च.नं. २३२, ३९६ मिति २०७५/०७/२८, ९/२ को पत्रसाथ संलग्न गरिएको सडक मर्मत संभार सम्बन्धी बार्षिक कार्यक्रम कमश: मिति २०७५/०७/२९, ९/५ मा प्राप्त भई व्यहोरा अवगत भयो । त्यस निकायको स्वामित्वमा रहेको स्थानीय सडकहरू मध्ये प्राथमिकताको आधारमा क्रमश: कालोपत्रे सडक, ग्रामिण सडक र कच्ची ग्रामिण सडकको नियमित, पटके, आवधिक र विशेष मर्मत संभारको बार्षिक कार्य जिम्मेवारी पूर्वक तहाँबाट नै छनौट तथा स्वीकृत गरी छनौट प्रकृयामा सडक बोर्डको निर्देशिका वमोजिम फरक नपर्ने गरी प्रतिबद्धता सहित पठाइएको निम्न वमोजिमको बार्षिक कार्यक्रममा यस बोर्डको सहमति रहेको छ । यसरी सहमति प्रदान गरिएको सडक मर्मत संभार सम्बन्धि बार्षिक कार्यक्रम प्रचलित नियमानुसार संचालन, सम्पादन तथा सम्पन्न गरी समझदारी पत्रमा उल्लेख भए बमोजिमको आवश्यक कागजातहरू पेश गर्नहुन अनुरोध छ । साथै चालु आ.व.को जेष्ठ मसान्त भित्र स्वीकृत बार्षिक कार्यक्रमको कम्तीमा ७०% प्रगति पेश गरी सम्झौता बमोजिमको रकम निकासा लिनुहुन समेत अनुरोध गरिन्छ ।

**स्वीकृत कार्यक्रमको विवरण**

| सि.नं. | सडकको नाम | किसिम | कुल लम्बाई ( कि.मि.) | मर्मत लम्बाई ( कि.मि.) | कुल लागत (रु.) | सडक बोर्डले ब्यहोर्ने रकम (रु.) |
|---|---|---|---|---|---|---|
| १ | स्वाँरा-वडा कार्यालय-निसान चौतारा-हाँडीखोला सडक | ग्राभेल/माटे | १४.०० | ८.८० | २,१४३,५६०.० | १,५००,०००.० |
| २ | सोतीपसल- पाण्डे गाउँ-जिताकोट सडक | ग्राभेल/माटे | १३.०० | ६.०० | २,१४३,४००.० | १,५००,०००.० |
| जम्मा | | | | | ४,२८६,९६०.० | ३,०००,०००.० |

..........................
इ. कृष्ण सिंह बस्नेत
कार्यकारी निर्देशक

**बोधार्थ :**

१) श्रीमान् अध्यक्षज्यू, सडक बोर्ड नेपाल ।
२) श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, योजना महाशाखा, सिंहदरबार ।
३) श्री स्थानीय पूर्वाधार विभाग, पुल्चोक, ललितपुर ।
४) श्री लेखा शाखा, सडक बोर्ड नेपाल ।
५) श्री प्राविधिक शाखा, सडक बोर्ड नेपाल ।
६) श्री प्रशासन शाखा : उपरोक्तानुसारको पत्र वेभसाईटमा अपलोड हुन ।

अरनिको भवन, मिनभवन पो.व.नं. ११४०६, काठमाडौं, नेपाल, फोन नं. ४४९३५१५, ४४९३५२९, ४४९३५३९
फ्याक्स नं. : +९७७-१-४४९३५४२, ४४६०८७१, इमेल : info@rbn.org.np; roadsboardnepal.org@gmail.com
वेभसाइट : www.rbn.org.np

# सडक बोर्ड नेपाल तथा स्थानीय तह बीच सडक मर्मत संभार कार्यको लागि गरिएको समझदारी पत्र

**(Memorandum of Understanding)**

सडक बोर्ड नेपालको तर्फबाट प्रतिनिधित्व गर्ने **कार्यकारी निर्देशक**(त्यसपछि प्रथमपक्ष भनेर संवोधन गरिएको) र सम्बन्धित मध्यनेपाल नगरपालिका (महानगरपालिका तथा उपमहानगरपालिका समेत) /गाउँपालिकाको तर्फबाट प्रतिनिधित्व गर्ने प्रमूख प्रशासकिय अधिकृत ( त्यसपछि दोश्रो पक्ष भनेर संवोधन गरिएको) बीच यो समझदारी कायम भएको छ ।

१. सडक बोर्ड ऐन २०५८, सडक बोर्ड नियमावली २०६०, सडक बोर्ड निर्देशिका २०६१,सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, कार्यकारी समितिको निर्णय तथा निर्देशनको परिधि भित्र रही सावधानी पूर्वक एवम् दक्षताका साथ कार्य गर्न /गराउन आवश्यक श्रोत र साधन समेतको समुचित व्यवस्थापन गरी निर्दिष्ट गुणस्तर तथा वातावरणिय संतलुन कायम राख्दै दोश्रो पक्षबाट तोकिएको सडक मर्मत सम्भार प्राथमिकताका आधारमा स्वीकृत तथा प्रथम पक्षबाट सहमति भएका सडक मर्मत सम्भार सम्वन्धी वार्षिक कार्यक्रम अनुरुपको सडक मर्मत संभार कार्य सम्पन्न गर्ने गराउने प्रतिबद्धता दोश्रो पक्षले व्यक्त गर्दछ ।

२. दोश्रो पक्षद्वारा ठेक्का वा उपभोक्ता समिति मार्फत संचालित कार्य, प्रथम पक्ष वा यसका प्रतिनिधि वा डोलिडारले निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्न सक्ने भएकोले सम्बन्धित सम्पूर्ण दस्तावेज उपलब्ध गराउने तथा निरीक्षणमा आवश्यक सहयोग उपलब्ध गराउने दायित्व दोश्रो पक्षको हुनेछ । नेपाल सरकारको आधिकारिक निकायहरू बाट निरीक्षणको क्रममा संचालित कार्यक्रमको गुणस्तर तथा प्रगति निर्धारित मापदण्ड अनुरुप नभएको जानकारी बोर्ड लाई प्राप्त भएमा बोर्डले उपलब्ध गराउने रकम रोक्का गर्न सक्नेछ ।

३. दोश्रो पक्षबाट स्वीकृत एवम् प्रथम पक्षको सहमति अनुसारको कार्यक्रम चालु आ.व. को जेष्ठ मसान्त भित्र कम्तीमा ७०% को प्रगति पेस गरी सम्झौता बमोजिमको रकम निकासा लिई सक्नुपर्नेछ ।

४. प्रथम पक्षले रकम निकासा दिंदा सडक बोर्ड निर्देशिका २०६१ दफा ४७ ले निर्धारण गरेको मापदण्डको परिधि भित्र रही निकासा दिने प्रतिवद्धता व्यक्त गर्दछ । यसरी निकासा दिंदा पहिलो निकाशा रकम स्वीकृत बजेट अनुसार उपलब्ध गराइनेछ र बाँकी रकम संचालित कार्यक्रमको प्रगति तथा सम्झौता वा ठेक्का रकमको आधारमा हुनेछ ।

५. मासिक प्रतिवेदन, चौमासिक प्रतिवेदन तथा बार्षिक प्रतिवेदन, खर्चको फाँटवारी लगायत अन्य आवश्यक विवरण प्रथम पक्ष समक्ष पेश गर्ने जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

६. सडक बोर्डको स्वीकृत एकीकृत बार्षिक योजना (IAP) अनुसारको रकम मात्र प्रथम पक्षले दोश्रो पक्ष लाई उपलब्ध गराउन सक्नेछ ।

७. आर्थिक बर्ष भित्र बिशेष वा काबु बाहिरको परिस्थितिको कारण सवै कार्य पुरा हुन नसकेको अवस्थामा सम्पन्न भएका कार्यको मात्र खर्च लेखांकन गरिनेछ । बाँकी कार्यहरु अर्को आर्थिक बर्षको कार्यक्रममा समावेश गर्न सकिनेछ ।

८. दोश्रो पक्षको मातहत भित्र रहेका सम्पूर्ण सडकको तथ्याङ्क सडक बोर्डले निर्दिष्ट गरेको ढाँचामा हरेक बर्ष पेश गर्नु पर्नेछ । प्रथम पक्षले विवरण प्राप्त गरेपछि उपलब्ध श्रोतको आधारमा आगामी आ.व.को लागि बजेट सिलिङ्ग उपलब्ध गराउनु पर्नेछ र सो कार्य सामान्यतया चालु आ.व.को श्रावण महिना भित्र गर्नु पर्नेछ ।

९. दोश्रोपक्षले बजेट सिलिङ्ग, स्थानीय सडक मर्मत सम्भार सम्वन्धी वार्षिक कार्यक्रमको सहमतीका आधार स्थानिय निकायले व्यहोर्नु पर्ने म्याचिङ्ग फण्ड समेत समावेश गरी चालु आ. व. को **कार्तिक मसान्त** भित्र सडक मर्मत संभारको बार्षिक कार्यक्रम स्वीकृत गरी प्रथम पक्षको सहमतिको लागि पेश गर्नु पर्नेछ ।

१०. कुनै कारणवश कार्यक्रम संशोधन/थप गराउनु पर्ने भएमा वा **बिशेष कारणबश कार्तिक मसान्त भित्र कार्यक्रम स्वीकृत हुन नसकेको अवस्थामा** चालु आ.व. भित्रै कार्य सम्पन्न गर्ने प्रतिवद्धताका साथ ढीलोमा चालु आ.व.को **फाल्गुण मसान्त** भित्र बार्षिक/संशोधित/थप कार्यक्रम प्रथम पक्षको सहमतिको लागि पेश गर्नु पर्नेछ ।

११. दोश्रो पक्षले चालु आ.व.को अषाढ मसान्त भित्र खर्च गर्न नसकेको एकमुष्ट बचत रकम सडक बोर्डमा फिर्ता गर्नुपर्नेछ ।

१२. कार्य सम्पन्न भएपछि दोश्रो पक्षले कार्य सम्पन्न प्रतिवेदन, अन्तिम प्रगति प्रतिवेदन, अन्तिम लेखा परिक्षण र कार्यको गुणस्तरिय भए/नभएको प्राविधिक पुष्ट्याईको विवरणका साथै माग भएका अन्य विवरण भदौ पहिलो साता भित्र प्रथम पक्षलाई उपलब्ध गराउनुपर्ने छ । उपभोक्ता समितिबाट भएको कार्यको हकमा "सडक बोर्ड निर्देशिका २०६१" मा उल्लेख भए अनुसारका कागजातहरु प्रथम पक्ष लाई उपलब्ध गराउन पर्नेछ ।

१३. सडक बोर्ड नेपाल तथा डोलिडारको अनुगमनको क्रममा सम्बन्धित निकायले प्राथमिकताको क्रम बाहेक अन्य कार्यमा खर्च गरेको पाइएमा आगामी बर्षको कार्यक्रममा बिनियोजित रकम घटाउन/रोक्न सक्ने छ ।

१४. कार्य सम्पादन मूल्याङ्कनको आधारमा डोलिडार वा प्रथमपक्ष आफैले प्रत्येक निकायको Performance मूल्याङ्कन गर्ने छ भन्ने दुवै पक्षलाई मञ्जुर छ ।

**प्रथम पक्षको तर्फबाट**

नाम : डा. ध्रुव सिंह बस्नेत

पद : कार्यकारी निर्देशक

दस्तखत :

कार्यालयको छाप :

मिति :

**साक्षी :**

नाम : डा. स्वागत ढुंवाली

पद : प्राविधिक निर्देशक

**दोश्रो पक्षको तर्फबाट**

नाम : याम प्रसाद सुवेदी

पद : प्रमुख प्रशासकिय अधिकृत

दस्तखत :

कार्यालयको छाप :

मिति : २०६५।६।२८

**साक्षी :**

नाम : उत्तम सुवेदी

पद : इन्जिनियर